नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५
४२००२९९
४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मिति - २०८० कार्तिक १८

## प्रेस बिज्ञसी

मिति २०८० कार्तिक १७ गतेका दिन राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका वडा नं १ रामीडाँडा केन्द्रविन्दु बनाई आएको ६.४ रेक्टर स्केलको भूकम्प बाट जाजरकोट, रुकुम पश्चिम र सल्यान सहित जिल्लाका क्षेत्रमा धेरै जनधनको क्षति भएको छ । उक्त क्षेत्रहरु सहित अन्य जिल्लाहरु समेत प्रभावित बनेका छन् । भूकम्पबाट मृत्यु भएका नागरिकहरुको खोजि एवं घाईतेहरुलाई उद्दार गर्ने कार्य भईरहेको छ । मृतक ब्यक्तिहरुको खोजी तथा पहिचान, घाईतेहरुको राहत तथा उद्दार, स्वास्थ्य उपचार सहित अन्य सबै पक्षहरुको ब्यवस्थापनमा प्रत्यक्ष एवं अप्रत्यक्ष सघाउ पुऱ्याउन अग्रसरता देखाई कार्य प्रवाह गर्न गराउनु हुन प्रभावित जिल्लाका सबै स्थानीय निकायहरु एवं स्थानीय निकायका पदाधिकारी तथा कर्मचारीहरुमा हार्दिक अनुरोध छ । साथै, भूकम्प प्रभावित जिल्लाका स्थानीय निकायमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत तथा अन्य कर्मचारीहरु बिदामा भएमा यथाशिघ्र आफ्नो कार्यालयमा हाजिर भई कामकाजमा खटिनुहुन र तत्काल बिदामा नरहन हुन समेत निर्देशन गरिएको छ ।

२०८०।७।१८
सहसचिव

**सहसचिव**